# भीरकोट प्रज्ञा प्रतिष्ठानको गठन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८

कार्यपालिकावाट स्वीकृत मितिः २०७८।१०।०६

प्रस्तावना

भीरकोट नगरपालिका क्षेत्रका भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवम् सम्वर्द्धन गर्नका लागि भीरकोट नगरपालिकामा भीरकोट प्रज्ञा प्रतिष्ठानको गठन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "भीरकोट प्रज्ञा प्रतिष्ठानको गठन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले भीरकोट नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगर प्रमुख" भन्नाले भीरकोट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "नगर उप प्रमुख" भन्नाले भीरकोट नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) "भीरकोट प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ वमोजिम स्थापना भएको भीरकोट प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(छ) "प्रज्ञा प्रतिष्ठान" भन्नाले भीरकोट प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ज) "ललितकला" भन्नाले चित्रकला, मूर्तिकला, हस्तकला, शिल्पकला र वास्तुकला सम्झनु पर्छ।

(झ) "नाट्यकला" भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनुपर्छ ।

(ञ) "सङ्गीत" भन्नाले गायन, सङ्गीत, वादन र नृत्य सम्झनुपर्छ ।

(ट) "प्रज्ञा सभा" भन्नाले दफा ७ वमोजिमको प्रज्ञा सभा सम्झनु पर्छ ।

(ठ) "प्रज्ञा परिषद्" भन्नाले दफा ११ वमोजिमको प्रज्ञा परिषद् सम्झनुपर्छ ।

(ड) "प्रमुख संरक्षक" भन्नाले दफा १४ वमोजिमको प्रमुख संरक्षक सम्झनु पर्छ ।

(ढ) "संरक्षक" भन्नाले दफा १४ वमोजिमको संरक्षक सम्झनु पर्छ ।

(ण) "कुलपति" भन्नाले दफा १५ वमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानका कुलपति सम्झनु पर्छ ।

(त) "उपकुलपति" भन्नाले दफा १७ वमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानका उपकुलपति सम्झनु पर्छ।

(थ) "पदाधिकारी" भन्नाले कुलपति, उपकुलपति, प्रज्ञा सभाका सदस्य र प्रज्ञा परिषद्का सदस्य सम्झनुपर्छ ।

## परिच्छेद-२

## भीरकोट प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. भीरकोट प्रज्ञा प्रतिष्ठानको स्थापनाः भीरकोट नगरपालिका क्षेत्र भित्र भाषा, साहित्य, संस्कृति ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्नका लागि भीरकोट प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ।

४. स्वशासित र संगठित संस्था हुनेः (१) प्रज्ञा प्रतिष्ठान अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै छाप र प्रतीक चिन्ह लोगो हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले प्रचलित कानून वमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपयोग गर्न, वेचविखन गर्न सक्नेछ तर प्रज्ञा प्रतिष्ठानले अचल सम्पत्ति वेचविखन गर्दा भीरकोट नगरपालिका मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजर गर्न र प्रतिष्ठान उपर पनि सोही नामवाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार वमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) भाषा, साहित्य, संस्कृति ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, संवद्धन र विकास गर्ने,

(ख) भाषा, साहित्य, संस्कृति ललितकला, नाट्यकला, सङ्गीतसँग सम्वन्धित सामग्रीको संकलन, अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गर्ने, गराउने,

(ग) भाषा, साहित्य, संस्कृति ललितकला, नाट्यकला, सङ्गीत सम्वन्धी विविध विषयमा प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने, गराउने,

(घ) भाषा, साहित्य, संस्कृति ललितकला, नाट्यकला, सङ्गीत सम्वन्धी विषयमा प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग प्रचलित कानून वमोजिम सम्वन्ध कायम गरी पारस्परिक सहयोगको आदानप्रदान गर्ने,

(ङ) भाषा, साहित्य, संस्कृति ललितकला, नाट्यकला, सङ्गीत सम्वन्धी विषयका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिने,

(च) महत्वपूर्ण कृतिको अनुवाद तथा प्रकाशन गर्ने, गराउने,

(छ) विभिन्न जातिका मौलिक संस्कृति र पहिचानको जगेर्ना गर्ने,

(ज) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका ग्रन्थ र सामग्री संग्रह गर्ने,

(झ) लोकसाहित्य, लोकसङ्गीत, लोकनृत्य जस्ता विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन, अध्ययन, अनुसन्धान गरी तिनको डिजिटल अभिलेख राख्ने,

(ञ) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसँग सम्वन्धित विषयमा प्रतिभाको विकास गर्ने वातावरण सृजना गर्ने,

(ट) नगर क्षेत्रभित्र रहेका लोपोन्मुख भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्ने,

(ठ) भाषा साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका मौलिकता र विशिष्टतालाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने ।

## परिच्छेद-३

## प्रज्ञा प्रतिष्ठानको संगठन संरचना

६. भीरकोट प्रज्ञा प्रतिष्ठानको संगठन संरचनाः भीरकोट प्रज्ञा प्रतिष्ठानको संगठन संरचना देहाय वमोजिम हुनेछः

(क) भीरकोट प्रज्ञा सभा, र

(ख) भीरकोट प्रज्ञा परिषद्

७. प्रज्ञा सभाः (१) प्रज्ञा सभा सर्वोच्च अंग हुनेछ ।

(२) प्रज्ञा सभाको गठन देहाय वमोजिम हुनेछ

| | |
|---|---|
| (क) कुलपति- | अध्यक्ष |
| (ख) उपकुलपति- | उपाध्यक्ष |
| (ग) कार्यपालिका सदस्यमध्ये नगर प्रमुखले तोकेका २ जना- | सदस्य |
| (घ) सम्वन्धित विधाको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरू मध्येवाट तीन जना महिला सहित नगर प्रमुखले तोकेका १४ जना- | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत - | सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (क) र (ख) का पदहरू सोहि उपदफाको खण्ड (घ) वमोजिम मनोनित सदस्यहरूमध्येवाट नगर प्रमुखले तोके वमोजिम हुनेछ ।

(४) उपदफा (२) वमोजिम मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(५) कुनै कारणले भीरकोट प्रज्ञासभाका मनोनित सदस्यको पद रिक्त हुन गएमा वाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रवाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रवाट सदस्यको मनोनयन गरिनेछ ।

(६) उपदफा (२) को खण्ड (घ) वमोजिम मनोनित सदस्यहरूले पारिश्रमिक पाउने छैनन। निजहरूले पाउने अन्य सुविधा नगर कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

८. सिफारिस समितिः (१) दफा ७ को उपदफा (२) को खण्ड (घ) वमोजिमका भीरकोट प्रज्ञा सभाका सदस्य र प्रज्ञा प्रतिष्ठानका पदाधिकारीको मनोनयन तथा नियुक्तिका लागि नगर प्रमुख समक्ष नाम सिफारिस गर्न देहाय वमोजिमको एक सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) वडाध्यक्ष मध्येवाट नगर प्रमुखले तोकेको एक जना- | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| (ग) कार्यपालिका सदस्यमध्ये नगर प्रमुखले तोकेको एकजना- | सदस्य |

(२) उपदफा (१) वमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति सम्वन्धी विधामा सृजना, अध्ययन तथा

अनुसन्धान गरेका वा सो विधामा ख्याति आर्जन गरेका कम्तीमा स्नातक तह वा सो सरहको शैक्षिक उपाधी हासिल गरेका व्यक्तिहरूमध्येवाट सम्भव भएसम्म सवै जाति तथा भाषाभाषीलाई समेट्ने गरी र उक्त सवै विधावाट प्रतिनिधित्व हुने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

९. प्रज्ञा सभाको काम, कर्तव्य र अधिकारः प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) प्रज्ञा प्रतिष्ठानको नीति, योजना, वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) विद्वत वृत्ति, सम्मान तथा पुरस्कारको अनुमोदन् गर्ने,

(ग) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(घ) परिषद्का कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) प्रतिष्ठानको कामका निम्ति आवश्यकताअनुसार विभागहरूको गठन गर्ने,

(च) भाषा, साहित्य, संस्कृति ललितकला, नाट्यकला, सङ्गीत सम्वन्धी विषयमा विशिष्ट योगदान पुयाएका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति वा संस्थालाई विद्वत वृत्ति, पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने,

(छ) नेपाल प्रज्ञा प्रतिष्ठान; नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, प्रदेश प्रज्ञा प्रतिष्ठानसँग आवश्यक सम्वन्ध र समन्वय कायम गर्ने,

(ज) दफा ५ मा उल्लेख भए वमोजिमका काम गर्ने,

(झ) तोकिएवमोजिमका अन्य काम गर्ने।

१०. प्रज्ञा सभाको वैठकः (१) सभाको वैठक वर्षको कम्तीमा एक पटक वस्नेछ ।

(२) सभाको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

(३) सभाको वैठक हुनुभन्दा कम्तीमा सात दिनअगावै वैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना सदस्य-सचिवले सवै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरू उपस्थित भएमा सभाको वैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) अध्यक्षले सभाको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ।

(६) सभाको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको वैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) सभाले प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक, संरक्षक र आजीवन सदस्यलाई सभाको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) सभाको वैठक सम्वन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

११. भीरकोट प्रज्ञा परिषद्को गठनः (१) भीरकोट प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायका रूपमा काम गर्न एक भीरकोट प्रज्ञा परिषद् रहनेछ ।

(२) भीरकोट प्रज्ञा परिषद्को गठन देहायबमोजिम हुनेछ ।

(क)- कुलपति- अध्यक्ष

(ख) उपकुलपति- उपाध्यक्ष

(ग) प्रज्ञा सभाका सदस्यहरूमध्येवाट कस्तीमा एकजना महिला सहित नगर प्रमुखले तोकेका ४- जना- सदस्य

(३) प्रज्ञा सभाको सदस्य-सचिवले भीरकोट प्रज्ञा परिषद्को कार्यकारी निर्देशकको रूपमा कार्य गर्नेछ।

(४) कुनै कारणले उपदफा (२) को खण्ड (ग) वमोजिमका सदस्यको पद रिक्त हुन गएमा वाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रवाट मनोनित भएको हो सोही विधा वा क्षेत्रवाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) परिषद्का पदाधिकारीहरूको नियुक्ति एउटै पदमा दुई कार्यकाल भन्दा वढी हुने छैन ।

१२. भीरकोट प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकारः भीरकोट प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) भीरकोट प्रज्ञा सभाले गरेका निर्णय कार्यान्वयन गर्ने,

(ख) भीरकोट प्रज्ञा सभाले दिएका निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभासमक्ष पेश गर्ने,

(घ) सदस्य-सचिवले पेश गरेको वार्षिक कार्यक्रम, वजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्वन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) भीरकोट प्रज्ञा प्रतिष्ठानको सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) भीरकोट प्रज्ञा प्रतिष्ठानको कोपको व्यवस्था र सञ्चालन गर्ने,

(छ) भीरकोट प्रज्ञा प्रतिष्ठानका लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) पुस्तकालय, वाचनालय, सङ्ग्रहालय, ग्यालरी, रङ्गमञ्च र नाटयशालाको स्थापना गर्ने,

(झ) विद्वत वृत्ति, सम्मान, कदर, तथा पुरस्कार अनुमोदनका लागि सभामा पेश गर्ने,

(ञ) परिषद्को काम कारवाहीका सम्वन्धमा आवश्यकता अनुसार समिति, उपसमिति गठन गर्ने र त्यस्तो समिति, उपसमितिको काम, कर्तव्य र अधिकार तोक्ने,

(ट) तोकिए वमोजिमका अन्य काम गर्ने।

१३. भीरकोट प्रज्ञा परिषद्को वैठकः (१) भीरकोट प्रज्ञा परिषद्को वैठक तीन महिनामा कम्तीमा एक पटक वस्नेछ।

(२) परिषद्को वैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) परिषद्को वैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै वैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को कार्यकारी निर्देशकले सवै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा परिषद्को वैठकको गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) भीरकोट प्रज्ञा परिषद्‌को वैठकको अध्यक्षता परिषद्‌को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् ।

(६) भीरकोट प्रज्ञा परिषद्‌को वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) भीरकोट प्रज्ञा परिषद्‌को वैठकको निर्णय परिषद्‌को सदस्य-सचिवले प्रमाणित गनेछ ।

(८) भीरकोट प्रज्ञा परिषद्‌को वैठकसम्वन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे वमोजिम हुनेछ।

## परिच्छेद-४

## प्रमुख संरक्षक, पदाधिकारी तथा कर्मचारी

१४. प्रमुख संरक्षक र संरक्षकः (१) भीरकोट प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक नगर प्रमुख हुनेछ ।

(२) भीरकोट प्रज्ञा प्रतिष्ठानको संरक्षक नगर उपप्रमुख हुनेछ।

१५. कुलपतिः (१) भीरकोट प्रज्ञा प्रतिष्ठानमा कुलपति रहनेछन् ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) वमोजिमका सदस्यहरूमध्येवाट नगर प्रमुखले कुलपतिको नियुक्ति गर्नेछ ।

(३) भीरकोट प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारीको काम कुलपतिले गर्नेछ ।

१६. कुलपतिको काम, कर्तव्य र अधिकारः यस कार्यविधिमा कुलपतिले गर्ने भनि तोकिए देखि वाहेक कुलपतिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) भीरकोट प्रज्ञासभा तथा भीरकोट प्रज्ञा परिषद्‌ले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) भीरकोट प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, वजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्ने, लगाउने,

(ग) भीरकोट प्रज्ञा प्रतिष्ठानको काम कारवाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) भीरकोट प्रज्ञा परिषद्‌को स्वीकृति लिई भीरकोट प्रज्ञा प्रतिष्ठानका तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघ संस्था एवम् संघ तथा अन्य प्रदेशका प्रतिष्ठानहरूसंग सम्वन्धित विषयमा प्रचलित कानून वमोजिम सम्वन्ध कायम गर्ने,

(च) भीरकोट प्रज्ञासभा तथा भीरकोट प्रज्ञा परिषद्‌ले समय समयमा दिएका निर्देशन कार्यान्वयन गर्ने,

(छ) तोकिए वमोजिमका अन्य काम गर्ने ।

१७. उपकुलपतिः (१) भीरकोट प्रज्ञा प्रतिष्ठानमा उपकुलपति रहनेछ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) वमोजिमका सदस्यहरुमध्येवाट नगर प्रमुखले उपकुलपतिको नियुक्ति गर्नेछ ।

१८. उपकुलपतिको काम, कर्तव्य र अधिकारः यस कार्यविधिमा उपकुलपतिले गर्ने भनि तोकिए देखि वाहेक उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) भीरकोट प्रज्ञासभा तथा भीरकोट प्रज्ञा परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्न कुलपतिलाई सहयोग गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने ।

१९. पद रिक्त हुने अवस्था: देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछ:

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिएमा,

(ग) मानसिक सन्तुलन ठिक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट सजाय पाएमा,

(ङ) दफा २३ वमोजिम पदवाट हटेमा, वा

(च) मृत्यु भएमा ।

२०. पदवाट हटाउन सक्ने: (१) पदाधिकारी वा सभाका सदस्यले यस कार्यविधिको उद्देश्य वमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले प्रमुख संरक्षक समक्ष लिखित निवेदन दिएमा प्रमुख संरक्षकले कार्यपालिका सदस्यहरूमध्येवाट एक छानविन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको छानविन समितिले सो सम्वन्धमा छानविन गरी आफ्नो प्रतिवेदन नगरप्रमुख समक्ष पेश गर्नेछ र नगर प्रमुखले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश भएको प्रतिवेदनका सम्वन्धमा सभामा छलफल हुंदा सभाका वहुमत सदस्यवाट पदाधिकारी वा सभाका सदस्यले यस कार्यविधिको उद्देश्य वमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारितापूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा प्रमुख संरक्षकले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई पदवाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) वमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदवाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

१. कर्मचारी: नगर कार्यपालिकाको कार्यालयमामा कार्यरत कर्मचारीहरूमध्येवाट भीरकोट प्रज्ञा प्रतिष्ठानको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था कार्यपालिकाले गर्नेछ ।

## परिच्छेद-५

## कोष तथा लेखा नियन्त्रण

२. भीरकोट प्रज्ञा प्रतिष्ठानको कोष: (१) भीरकोट प्रज्ञा प्रतिष्ठानको आफ्नो कोष रहनेछ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्।

(क) भीरकोट नगरपालिकावाट प्राप्त रकम,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त सहयोग रकम,

(ग) विदेशी सरकार वा संघसंस्था वा व्यक्तिवाट प्राप्त सहयोग रकम,

(घ) सङ्घ, संस्था वा व्यक्ति वा दान दातव्यवाट प्राप्त रकम, र

(ङ) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) वमोजिम विदेशी सरकार, संघसंस्था वा व्यक्तिवाट सहयोग प्राप्त गर्नु अघि भीरकोट प्रज्ञा प्रतिष्ठानले भीरकोट नगरपालिका मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम भीरकोट प्रज्ञा प्रतिष्ठानले तोकेको वैङ्कमा खाता खोली जम्म गर्नु पर्नेछ ।

(५) भीरकोट प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन सदस्य-सचिव र नगर कार्यपालिकाको कार्यालयमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतवाट हुनेछ ।

(६) भीरकोट प्रज्ञा प्रतिष्ठानको सवै खर्च उपदफा (१) वमोजिमको कोषवाट व्यहोरिनेछ।

२३. लेखा र लेखापरीक्षणः १ भीरकोट प्रज्ञा प्रतिष्ठानको आय व्ययको लेखा भीरकोट नगरपालिकाले अपनाएको लेखा प्रणाली वमोजिम राखिनेछ ।

(२) भीरकोट प्रज्ञा प्रतिष्ठानको लेखाको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयवाट हुनेछ।

## परिच्छेद ६

## विविध

२४. मानार्थ तथा आजीवन सदस्यताः (१) भाषा, साहित्य, संस्कृति, ललितकला, नाटयकला वा सङ्गीतको विकासमा विशिष्ट योगदान पुर्‍याएका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा नगरपालिकाको गौरव वढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रज्ञा प्रतिष्ठानको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) भाषा, साहित्य, संस्कृति ललितकला, नाटयकला वा सङ्गीत सम्वन्धी विषयमा विशिष्ट योगदान पुर्‍याउने नेपाली नागरिकलाई सभाले भीरकोट प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) वमोजिम मानार्थ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार प्रज्ञा सभावाट निर्णय भए वमोजिम हुनेछ ।

(४) भीरकोट प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यले पारिश्रमिक पाउने छैनन ।

(५) यस दफा वमोजिमका मानार्थ सदस्य र आजीवन सदस्यलाई भीरकोट प्रज्ञासभामा मतदानको अधिकार हुने छैन।

२५. सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेः भीरकोट प्रज्ञा सभाले भाषा, साहित्य, संस्कृति ललितकला, नाटयकला वा सङ्गीत सम्वन्धी विषयमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्तिलाई सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

२६. प्रतिवेदन पेश गर्नु पर्नेः भीरकोट प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रमुख संरक्षक मार्फत नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२७. शपथः आफ्नो कार्यभार सम्हाल्नु अघि कुलपतिले नगर प्रमुख समक्ष र उपकुलपति र भीरकोट प्रज्ञा सभाका सदस्यले कुलपति समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

२८. अधिकार प्रत्यायोजनः (१) भीरकोट प्रज्ञा सभाले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार भीरकोट प्रज्ञा परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) भीरकोट प्रज्ञापरिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुलपति, उपकुलपति वा भीरकोट प्रज्ञा सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कुलपतिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपकुलपति वा भीरकोट प्रज्ञा सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४) उपकुलपतिले आफूलाई प्राप्तअधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार भीरकोट प्रज्ञा सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ३० सँग सम्वन्धित)

**शपथ**

म ......................................... देश र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु र ईश्वर, देश र जनताको नाममा सपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रही भीरकोट प्रज्ञा प्रतिष्ठानको ........................ पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई ईमान्दारिसाथ आफ्नो कर्तव्य पालना गर्नेछु र कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुरा म पदमा वहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा वाहेक अरू अवस्थामा कुनै किसिमवाट प्रकट वा संकेत गर्ने छैन ।

नामः

पदः

दस्तखतः

मितिः